# आठराई गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### सक्रान्तिबजार, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

प.सं. २०७८।०७९
च.नं.-

मितिः-२०७८।०५।०८

**सूचना । सूचना ।। सूचना ।।।**

**विषय - घरभाडा लिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस आठराई गाउँपालिकालाईको कार्यालय प्रयोजनार्थ घर भाडामा लिनुपर्ने भएकोले देहायमा उल्लेखित शर्तहरु जपुरा हुने र घर भाडामा दिन ईच्छुक घर धनिले यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र (मिति २०७८/०५/१४ गते कार्यालय समय भित्र) माग बमोजिमका कागजातहरु संलग्न राखि गोप्य खामबन्दी पेश गर्नुहुन अनुरोध छ ।

शर्तहरूः-

१) घरधनीले घरभाडामा दिन ईच्छुक रहेको निवेदनका साथ देहायका कागजातहरू पेश गर्नु पर्ने छ ।

(क) घरजग्गा धनिपुर्जा प्रमाणपत्रको प्रतिलिपि ।

(ख) चालु आ.ब. २०७८/०७९ को मालपोत वा एकिकृत सम्पत्ती कर बुझाएको रसिदको प्रतिलिपि ।

(ग) नेपाली नागरिकताको प्रतिलिपि ।

२) आठराई गाउँपालिकाको वडा नं.-१ को गाउँपालिका केन्द्र रहेको सक्रान्तिबजार क्षेत्रमा पर्ने घर हुनु पर्नेछ।

३) पक्की घर कम्तीमा ४ कोठाको हुनु पर्नेछ । पानी, बिजुली ,टेलिफोन र ईन्टरनेट सुबिधा भएको हुनुपर्नेछ ।
कम्तिमा १/१ बाथरुम तथा शौचालयको सुविधा भएको पक्की सडक भएको पार्किङ सुबिधा भएको हुनु पर्ने छ।

४) कोठाको लम्बाइ (न्युनतम-३.३ मि. र अधिक्तम-४.५ मि.) र चौडाइ( न्युनतम- २.८ मि. र अधिक्तम-३.५ मि.) भएको हुनुपर्ने छ ।

५) निबेदकले आफुले न्यनतम(प्रति कोठा दश प्रतिशत लाग्ने घर बहाल कर र पानी बिजुली इन्टरनेट महशुल सहित) कति रकममा वार्षिक भाडामा दिन चाहेको हो? सो को अंक र अक्षरमा स्पष्ट बुझिने गरि खुलाइ पेस गर्नुपर्ने छ । अंक केरमेट भइ नबुझिने भएमा अक्षरमा लेखिएको रकमलाई आधार मानिने छ ।

६) घर भाडामा लिने वा नलिने भन्ने विषयको उपयुक्तताको बारेमा निर्णय गर्ने अधिकार कार्यालयमा निहित हुनेछ ।

७) अन्य शर्तहरू प्रभावग्राही घरधनी र कार्यालयको आपसी सहमतिको आधारमा तथा प्रचलित कानुन बमोजिम तय हुनेछन् ।

अन्य थप जानकारी लिन पर्ने भएमा ९८५२०६०३२२ मा सम्पर्क गरि बुझ्न सकिनेछ ।

२०७८/५/८

महेन्द्र बहादुर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत